जागरण नेपाल इ-बुलेटिन

महिला अधिकार, शान्ति र सुशासनका लागि जागरण नेपाल





इ–बुलेटिन १०७ भाग (फागुन ७, २०७२),"अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस र लैङ्गिकमैत्री संविधानको सवाल"


# अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस र लैङ्गिकमैत्री संविधानको सवाल

## पृष्ठभूमि

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको इतिहास १८ औ शताब्धीमा बेलायतमा भएको औद्योगिक क्रान्तिसँग जोडिएको पाइन्छ । त्यसमा पनि ८ मार्च १८५७ मा गार्मेन्ट उद्योगमा कार्यरत श्रमिक महिलाहरुले आफूलाई कम ज्याला दिएको तथा १२ घण्टासम्म काममा लगाई अमानवीय कार्य गरेको भन्दै आन्दोलन गरेका थिए । महिला समानताका निम्ति सामाजिक उत्पादनकार्यमा महिलाहरुको संलग्नता नितान्त आवश्यक छ भन्दै विभिन्न विचारहरु आउन थाले । परिणामस्वरुप महिलाहरु पनि ट्रेड युनियनमा संगठित हुन थाले, जसको प्रभावबाट सन् १८७१ मा फ्रान्समा भएको पेरिस विद्रोहमा पनि महिलाहरु सहभागी भए । ८ मार्च १८९७ मा उचित ज्याला र १० घण्टा कार्यदिनको माग गर्दै अमेरिकाको न्यूयोर्कमा आन्दोलन भयो । ८ मार्च १९०८ मा अमेरिकाको न्यूयोर्कमा श्रमिक महिलाहरुले मताधिकारका लागि पुनः संघर्ष गरे भने ८ मार्च १९०९ मा अमेरिकाकै शिकागो सहरमा महिला अधिकारका निमित्त हडताल, खुला सभा र सडकमा उत्रेर विशाल जुलुस प्रदर्शन गरे ।

सन् १९१० मा कोपनहेगनमा आयोजित श्रमिक महिलाहरुको दोस्रो अन्त्रराष्ट्रिय सम्मेलन सम्पन्न भयो । यस सम्मेलनमा ८ घण्टाको श्रम र समय लागू गरिनुपर्ने लगायतका महिलाहरुले पनि आर्थिक र राजनीतिक कार्यमा भाग लिन पाउनुपर्ने भन्ने विचार अगाडि सारियो । सम्मेलनले विभिन्न समयमा महिला अधिकार र समानताका लागि भएका महिला आन्दोलनका बारेमा पनि गम्भीरतापूर्वक छलफल गरेको थियो । त्यस सम्मेलनमाबाट ८ मार्चको दिनमा विश्वका धेरै देशमा श्रमिक महिलाहरुले आङ्खनो अधिकारका लागि ठूलाठूला संघर्ष गरेका र स्थापित गर्न सफल पनि भएको हुदा उक्त दिनको

# जागरण नेपालेका गतिविधिहरु

### महिलाको समावेशी सहभागिता सुनिश्चितताका लागि ध्यानाकर्षण गर्न ज्ञापनपत्र हस्तान्तरण

नेपाली कांग्रेसको तेह्रौ महाधिवेशनको सन्दर्भ पारेर जागरण नेपालको संयोजन तथा राष्ट्रिय स्तरको नीति वकालत संजाल—नीति तथा वकालतका लागि महिला संजाल (WIPAA) का सदस्य संस्थाहरुको तर्फबाट संयुक्त रुपमा नेपाली कांग्रेसलाई आगामी तेह्रौ महाधिवेशनमा केन्द्रीय कमिटि लगाएत पार्टीका अन्य निकाय र मुख्य पदहरुमा समेत कम्तीमा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गरी समावेशी र पूर्ण समानुपातिक प्रतिनिधित्व गराउदै महिलामुखी नीतिहरु पारित गर्न अपिल गर्दै नेपाली कांग्रेसका कार्यवहाक अध्यक्ष रामचन्द्र पौडेललाई ज्ञापन पत्र हस्तान्तरण गरेको थियो ।



*(नेपाली कांग्रेसको १३ औं अधिवेशनवाट पदाधिकारी सहित कम्तीमा ३३ प्रतिशत र स्थानीय निकायमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न नेपाली कांग्रेसका*

ऐहिासिक महत्वलाई ध्यानमा राख्दै ८ मार्चलाई एकता, संघर्ष र विजयको प्रतीकको रुपमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने प्रस्ताव पास गरे पश्चात सन् १९११ देखि ८ मार्चको दिन अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस निरन्तर मनाइदै आएको छ ।

## नेपालमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

सन् १९५५ मा नेपाल संयुक्त राष्ट्र संघको सदस्य भएता पाए पनि ८ मार्चलाई कहिलेदेखि कसरी मान्न थालियो भन्ने यकिन तथ्यांङ्क छैन । छिटफुट लेख रचनाको आधारमा वि.सं २०१६ सालदेखि नारी दिवसको रुपमा मान्न थालेको देखिन्छ तर ८ मार्चको महत्व र गरिमालाई बुझेर महिलाअधिकारको आन्दोलनलाई अगाडि बढाउन २०३५/३६ साल पछि मात्र ८ मार्चको मर्म र भावनाअनुरुप राजनीतिक पार्टीका भगिनी संगठनहरुले मनाउन थालेको पाइन्छ । पञ्चायतकालमा भने मार्च ८ मनाउन अघोषित प्रतिबन्ध लगाइएको थियो । यसका बाबजुद पनि एकातिर नेपालका राजनीतिक पार्टीसंग सम्वद्ध व्यक्तिहरुले निरन्तरता दिए जसका कारण कतिपय महिला गिरप्तारिमा समेत परेका थिए । अर्कोतर्फ उच्च घरानाका महिलाले भने नारी दिवसको रुपमा मार्च ८ लाई मनाइरहेका थिए । २०४६ सालको आन्दोलन पछि भने खुल्ला र व्यापक रुपमा महिलाका समसामयिक मुद्दा समेट्दै अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस ८ मार्च मनाउन थालेको पाइन्छ ।

## अन्तराष्ट्रिय श्रमिक महिला दिवस २०७२

यस वर्षको मार्च ८ अर्थात १०६औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस **"लैगिक समानाताका लागि पाइला हाराहारीः सन २०३० सम्ममा हिस्सा बराबरी"** भन्ने अन्तराष्ट्रिय नारा तथा **"संविधानलाई व्यवाहारमा उतारौः महिला अधिकार सुनिश्चित गरौ"** भन्ने राष्ट्रिय नाराका साथ सम्पन्न भएको छ । जसमा विभिन्न संघसंस्थाहरु, नागकि समाजका प्रतिनिधि, सरकारी निकायका प्रतिनिधिहरु, राष्ट्रिय महिला आयोगका प्रतिनिधिमहिला बालबालिका तथा समाजकल्याण मन्त्रालय र राष्ट्रिय महिला आयोगको संयुक्त संयोजनमा आयोजित विशाल र्यालीमा जागरण नेपालको सक्रिया सहभागिता रहेको थियो ।

## विश्वमा महिला अधिकार प्रप्तिका आन्दोलन पश्चात भएका सकारात्मक पहलहरु

विश्वमा महिला अधिकार प्राप्तिका लागि ठूला ठूला संघर्षहरु सम्पन्न भएको पाइन्छ । उक्त आन्दोलन पश्चात महिलाहरुका क्षेत्रमा धेरै

*तत्कालिन कार्यवहाक अध्यक्ष रामचन्द्र पौडेललाई ज्ञापनपत्र हस्तान्तरण गर्दै जागरण नेपालका व्यवस्थापक मीना विष्ट साथमा महिला अधिकार कर्मीहरु)*

ज्ञापन पत्र ग्रहण गर्दै नेपाली कांग्रेसका कार्यवहाक अध्यक्ष रामचन्द्र पौडेलले आगामी महाधिवेशनमा यस विषयलाई गम्भिर रुपमा ग्रहण गर्दै महिला सहभागिताको सवाललाई कार्यन्वयन तहमा पुर्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो । नागरिक समाजको यो अपिललाई सकारात्मक रुपमा लिदै कार्यान्वयनका लागि संवेदनशील रहेको र पार्टीका हरेक संरचनामा महिला सहभागितामा वृद्धि गर्ने कुरामा प्रतिवद्धता जनाउनु भयो । उहाँले नेपाली कांग्रेसले लैङ्गिक असमानता तथा सामाजिक विभेदहरुलाई अन्त्य गर्ने काममा निरन्तर लागिरहेको हुनाले तेह्रौ महाधिवेशनमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने सहमत रहेको विचार व्यक्त गर्दै आगामी स्थानीय निकायको निर्वाचनमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने विश्वास दिलाउनु भयो ।
जागरण नेपालका व्यवस्थापक मीना विष्टको संयोजकत्वमा ध्यानाकर्षण पत्र हस्तान्तरण गरिएको थियो । सो अवसरमा उपस्थित सहभागिहरुले महिला समावेशी तथा सहभागिताका सन्दर्भमा आ–आफ्ना सुझाव तथा जिज्ञासाहरु व्यक्त गर्नुभएको थियो ।

## लैङ्गिक उत्तरदायी विपद् व्यवस्थापन राष्ट्रिय महिला सम्मेलन सम्पन्न

लैङ्गिक उत्तरदायी विपद् व्यवस्थापन सम्वन्धी राष्ट्रिय महिला सम्मेलन १५ बुँदे काठमाडौ घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । जागरण नेपालको संयोजन तथा एकल महिला समूह, बियोण्ड बेइजिङ्ग कमिटी, महिला कानुन र विकास मञ्च, दलित महिला संघ, मिडिया एडभोकेसी, साथी, होमनेट साउथ एशियाको संयुक्त आयोजनामा यही फागुन १८- १९ गते उक्त सम्मेलन संचालन भएको थियो । गृहमन्त्री शाक्तिबहादुर बस्नेतको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा भूकम्प प्रभावित १४ जिल्लाका महिला प्रतिनिधिहरू, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरु, नेपाल सरकारका प्रतिनिधिहरु, राष्ट्रिय पुनर्निमाण प्राधिकरण तथा परिषद्का प्रतिनिधि, राष्ट्रिय महिला आयोग लगाएतको उपस्थिति रहेको थियो ।

सकारात्मक परिवर्तनहरु भएका छन् जसलाई निम्न बुँदाहरुमा चर्चा गर्न सकिन्छ ।

## अन्तर्राष्ट्रिय स्तरमा

दोश्रो विश्वयुद्ध पश्चात महिला अधिकार प्राप्तिको लागि विश्व स्तरमा केही ठूला परिवर्तनहरु भएका छन् । शान्ति र विकासको मुल आधारका रुपमा मानवअधिकारलाई स्वीकार गर्दै संयुक्त राष्ट्र संघको महासभाले १० डिसेम्वर १९४८ का दिन मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गरी मानवअधिकार लिंङ्गको आधारमा विना भेदभाव उपभोग गर्न पाउने कुरा उल्लेख गरेको छ भने महिला र पुरुष समविकासको अवधारणा अघि सारेको छ । यसरी यस घोषणपत्रले महिला र पुरुषलाई समानताको आधारमा व्यवहार गर्ने कुराको सुनिश्चितता गरेको छ ।

मुख्य गरी अन्तर्राष्ट्रिय स्तरमा महिलाहरुको राजनीतिक अधिकारसम्बन्धी महासन्धी १९५३, सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने सम्बधी अन्तर्राष्ट्रिय महासन्धी १९६६, नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध १९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभावविरुद्धको अन्तर्राष्ट्रिय महासन्धी १९७९, जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनसम्बन्धी महासन्धि १९४९, लगायतका सन्धी, महासन्धी तथा अनुवन्ध र इच्छाधिन आलेखहरुमा नेपालले प्रतिवद्धता जनाइसकेको छ । यसरी महिला महासन्धिको १७४ वटा पक्ष राष्ट्रहरुमध्ये हालसम्म नेपाल समेत ८३ सदस्य राष्ट्रहरुले इच्छाधिन आलेखको अनुमोदन गरिसकेका छन् भने कतिपय राष्ट्रले त्यसमा हस्ताक्षर गरी आलेख माथिको आफ्नो प्रतिबद्धता जनाइ रहेको अवस्था छ ।

## राष्ट्रिय स्तरमा

नेपाली जनताको परिवर्तनको चाहना र समाजमा विद्यमान वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय, असमानताको अन्त्यका साथ साथै लैङ्गिक समानता र न्यायपूर्ण समाज निर्माणका लागि भएका तमाम आन्दोलनहरूको भावनालाई आत्मसात गरी समुन्नत नयाँ नेपालको निर्माण गर्न नेपाल पक्ष राष्ट्र भई विभिन्न अन्तर्राष्ट्रिय महासन्धी सम्झौताहरुमा हस्ताक्षर गरेको छ जसले महिलाको समान सहभागीता लगायत अन्य क्षेत्रमा समेत पहुँच स्थापना गर्न सहयोग पुगेको छ । त्यसैगरी नेपाली महिलाको अधिकार सुनिश्चित गर्नका लागि भएका आन्दोलन पश्चात आबश्यक कानुनी संरचना तथा



*(कार्यक्रमलाई संवोघन गर्दै प्रमुख अतिथि माननीय गृहमत्री शक्ति वहादुर वस्नेत)*

कार्यक्रमका प्रमुख अतिथि बस्नेतले विधवा, नागरिकता नभएका, कानुनी रुपमा अलग भएर बसेका लगाएतका नागरिकहरुलाई राहत पाउन मुस्कील भएको भन्दै यसलाई समेट्ने गरी कार्यविधि ल्याउन लागेको बताउनु भयो । सम्मेलनले जारी गरेको घोषणा पत्रमा अबहुने पुनर्निर्माण लैङ्गिकमैत्री, भौतिक संरचन निर्माण गर्नुपर्ने,महिलालाई हेर्ने परम्परागत सोच व्यवहामा परिवर्तन गरी महिलाको सीप र ज्ञान प्रयोग गर्नुपर्ने, विपद्सम्वन्धी सूचना प्रवाह गर्दा सञ्चारका अन्तरवस्तुमा लैङ्गिक समानता, सामाजिक सुरक्षा तथा संवेदनशिलता साथै सूचनामा महिलाको पहुँच सुनिश्चित गरिनुपर्ने विशेष अवस्थाका महिलाको आवश्यकता परिपूर्ति गर्नुपर्ने उल्लेख गरिएको छ ।



*(कार्यक्रमलाई संवोघन गर्दै जागरण नेपालका अध्यक्ष शर्मीला कार्की)*

संगठनात्मक क्षेत्रमा महत्वपूर्ण कार्य गर्दै आएको छ । यसमा मुख्यमुख्य कार्यहरु निम्नलिखित पर्दछन् :

- महिला तथा बालबालिका मन्त्रालयकाको स्थापना,
- राष्ट्रिय महिला आयोगको स्थापना तथा संवैधानिक आयोगको रुपमा मान्यता प्रदान,
- लैंङ्गिक समानता तथा सामाजिक समावेशी नीति,
- महिला सेल सम्वन्धी व्यवस्था,
- महिला तथा बालबालिका तथा समाज कल्याण समितिको स्थापना,
- महिला तथा बालबालिका विकास विभाग,
- लैंङ्गिक विकास शाखाको स्थापना,
- महिला आरक्षणका सम्वन्धमा विभिन्न नीति, नियम तथा ऐन कानूनहरुको निर्माण,
- नेपालको संविधान २०७२ मा आमाको नामबाट नागरिकता प्रदान गर्न पाउने व्यवस्था,
- धारा १८ मा "कानूनको नजरमा सबै समान हुने छन् र कसैलाई पनि जात, जाति धर्म, वर्ण, लिङ्ग, वैवाहिक स्थितिको आधारमा भेदभाव गरिने छैन "भन्ने प्रावधान छ ।
- उक्त धारकै ३ मा आर्थिक रुपले विपन्न, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, किसान, मजदूर, उत्पीडित वर्ग, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, लोपोन्मुख समुदाय, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय र पिछडिएको क्षेत्रको नागरिकको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भनिएको छ ।
- धारा ३८ महिलाको हक अन्तर्गत
- प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशिय अधिकार हुनेछ भनिएको छ ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वस्थ्य सम्वन्धी हक हुनेछ भनिएको छ
- महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीढितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ

घोषणापत्रमा सबै भूकम्पपीडित अपाङ्गता भएका व्यक्ति, दलित महिला तथा उपेिक्षतवर्ग पुनर्निर्माणको काममा शिक्षा, स्वास्थ्य, रोजगार र स्वरोजगारको प्राथमिकताका साथ काम अगाडि बढपाउनुपर्ने, विपद् जोखिम न्यूनीकरणका सम्पूर्ण प्रक्रियामा लैगिक उत्तरदायी बजेटको सिद्धान्त अवलम्बन गरिनुका साथै उपेक्षित महिलाका लागि विशेष संबोधन गर्न एउटा छुट्टै कोषको व्यवस्था गरिनुपर्ने लगाएतका विषयहरुलाई समावेश गर्नुपर्ने सवालहरु घोषणा पत्रमा उल्लेख गरिएको छ ।



*(भूकम्प प्रभावित १४ जिल्लाका महिला सहभागीहरु साथमा केन्द्रीयस्तरका संघ संस्थाका प्रतिनिधिहरु)*

गत बैशाख १२ गते गएको विनासकारी भूकम्प र त्यसपछिका ठूला साना पराकम्पनहरुका कारण भएको क्षतिको पुनर्निर्माण र राहत अनुदानका लागि ब्यवस्थापन र पुनर्निर्माण गर्न नेपाल सरकारले उद्धार, राहत तथा पुनर्निर्माण सम्वन्धी नीति, ऐन तथा अनुदान वितरण कार्यविधि तयार गरी स्वीकृत भएको, पुनर्निर्माण प्राधिकरण र यसको परिषद्को समेत गठन भई कार्यसम्पादन गर्न थालिसकेको अवस्थामा वास्तविक समुदायका प्रभावितहरुलाई यस विषयमा जानकारी गराउने, नेपालमा लैङ्गिक उत्तरदायी विपद् व्यवस्थापन गर्न सरकारलाई सघाउने, सुझाउने र घचघच्याउने उद्देश्यले उक्त सम्लेलनको आयोजना गरिएको हो । उक्त सम्मेलनको लागि आर्थिक सहयोग आइ एम स्वेडिस डेभलपमेन्ट पार्टनर र यू. एन. वुमनको रहेको थियो ।

## १०६ औ अन्तर्राष्ट्रिय महिला दिवसमा जागरण नेपालको संलग्नता

- महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारम विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- सम्पत्ति तथा पारिवारिक मामिलामा सम्पत्तिको समान हक हुने व्यवस्था गरिएको छ ।
- सामाजिक न्यायको हकमा सामाजिक रुपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेशी, थारु, अल्पसंख्यक, सीमान्तकृत, मुस्लिम, पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, मजदूर उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिकलाई समावेशी सिद्दान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने कुरा उल्लेख छ ।
- लैङ्गीक समानता, सशक्तीकरण र मूल प्रवाहीकरणलाई समष्टिगत विकासको लक्ष्यहरुकोरुपमा स्वीकार,
- सरकार तथा अन्य गैर सरकारी संघ संस्थाले गरिवी निवारण र लैङ्गिक सवाललाई नेपालको पञ्चवर्षिय योजना, अन्तरिम योजनाहरुहरुमा सम्वोधन,
- स्थानियस्तरमा कुल वजेटको १५ प्रतिशत वजेट महिलाका लागि व्यवस्था गरेको छ भने लोकसेवा आयोगमा ३३ प्रतिशत सिट महिलाका लागि सुनिश्चित,
- सामाजिक न्याय र समावेशीकरण नीतिको व्यवस्था गरी असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जिविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,(२) जोखिममा परेका, समामाजिक र पारिवारिक बहिक्ष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना संरक्षण, सशक्तिकरण गरी स्वावलम्बी बनाउने, (३) प्रजनन् अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,
- समान सहभागिता अन्तर्गत धारा ७० बमोजिम राष्ट्रपति वा उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुनु पर्ने भन्ने व्यवस्था गरिएको छ ।
- संघीय व्यवस्थापीका (प्रतिनिधी सभामा संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्ने र यदि प्रत्यक्ष निर्वाचित सदस्यहरु मध्ये कुनै राजनीतिक दलको एक तिहाई सदस्य महिला निर्वाचित नभएमा समानुपातिक प्रणाली बमोजिम सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट संघीय संसदमा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाई महिला सदस्य हुने गरी निर्वाचित गर्नु पर्ने व्यवस्था गरिएको छ ।

मार्च ८ अर्थात १०६औं अन्तर्राष्ट्रिय महिला दिवस **"लैगिक समानाताका लागि पाइला हाराहारीः सन २०३० सम्ममा हिस्सा बराबरी"** भन्ने अन्तराष्ट्रिय नारा तथा **"संविधानलाई व्यवाहारमा उतारौः महिला अधिकार सुनिश्चित गरौ"** भन्ने राष्ट्रिय नाराका साथ सम्पन्न भएको छ । महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय र राष्ट्रिय महिला आयोगको संयुक्त संयोजनमा आयोजित विशाल र्यालीमा जागरण नेपालको सक्रिया सहभागिता रहेको थियो ।



*(अन्तर्राष्ट्रिय महिला दिवसमा आयोजित र्यालीमा सहभागि हुदै जागरण नेपाल परिवार)*

मार्च ८ कै सन्दर्भ पारेर युरोपियन युनियनले महिलाको आर्थिक, राजनीतिक तथा सामाजिक सवालहरुका सन्दर्भमा प्रकाशित विभिन्न प्रकारका प्रकाशनहरुको प्रदर्शनी आयोजना गर्यो । युरोपियन युनियनको सहयोगमा संचालन गरिएका परियोजना अन्तरगत भएका विभिन्न प्रकासनहरुको जानकारी लिने उद्देश्यले उक्त प्रदर्शनीको आयोजना गरिएको थियो । जागरण नेपालले कर्णाली अञ्चलका पाँच जिल्लामा संचालित लोकतान्त्रिक सुशासनका लागि निर्वाचन शिक्षा परियोजना अप्रिल २०१२ देखि मे २०१५ संचालन गरेको थियो । उक्त परियोजना अन्तरगतका प्रकाशनहरुको प्रदर्शनी जागरण नेपालले गरेको थियो । जागरण नेपालले कर्णाली अञ्चलका पाँच जिल्लामा संचालित लोकतान्त्रिक सुशासनका लागि निर्वाचन शिक्षा परियोजना अप्रिल २०१२ देखि मे २०१५ संचालन गरेको थियो । उक्त परियोजना अन्तरगत र अन्य महिला अधिकार सहित संस्थाका सम्पूर्ण प्रकाशनहरुको प्रदर्शनी जागरण नेपालले गरेको थियो । त्यसैगरी सुनसरी जिल्लाका विभिन्न गाविसहरुमा विपन्न वर्गका महिलाहरुको आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको प्रवर्द्धन

- धारा ९१ बमोजिम प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये १ जना महिला हुने गरी निर्वाचन गर्नु पर्ने र प्रतिनिधि सभाको सभामुख र उपसभामुख फरक फरक दलको हुनु पर्नेछ ।
- धारा ९२ बमोमिज निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष एक जना महिला हुने गरी गर्नु पर्दछ ।
- स्थानीय निकायमा महिलाको ४० प्रतिशत सहभागिता सुनिश्चित गरेको छ ।

यसका अतिरिक्त महिला विरुद्ध भएका र हुने गरेका हिंसाको अन्त्य गर्न र महिलालाई पुरुष सरह समान सहभागिताको अवसर तथा पहुँचको व्यवस्था गर्न भएका विभिन्न आन्दोलन पश्चत नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धी सम्झौताको आधारमा राष्ट्रिय कार्ययोजना समेत तयार गरी कार्यान्वयनमा ल्याइसकेको छ ।

## महिला अधिकार र लैङ्गिक मैत्री संविधान

विश्वमा महिला अधिकार स्थापनाका लागि ठूला ठूला आन्दोलन भई महत्वपूर्ण परिवर्तनहरु सहित कतिपय देशहरुमा महिला अधिकार पूर्ण रुपमा स्थापना भइ सकेको छ भने कहिं आन्दोलनहरु निरन्तर भइरहेका छन् । यस्तो अवस्थामा नेपालमा भने विगत ६ दशक देखि महिलाहरु आफ्नो हक अधिकारको सुनिश्चित गर्दै समान सहभागिताका लागि संघर्षरत रहेता पनि पूर्ण रुपमा उपलब्ध गर्न सकेका छैनन् । मतदान गर्ने, उम्मेदवार हुने, निर्वाचित हुन पाउने अधिकार पाएता पनि राज्यका समग्र क्षेत्रमा समान र अर्थपूर्ण सहभागिता अझैपनि सुनिश्चित हुन सकेको छैन् । लिङ्गको आधारमा हुने हिंसामा केही कमी आएता पनि अन्त्य हुन सकेको छैन । महिलाको अधिकार, हक हितको संरक्षण एवं प्रवद्र्धन गर्नका लागि धेरै कानूनहरु बनेता पनि त्यसको प्रभावकारी कार्यान्वयन भएको पाइदैन । विकासको मुल प्रवाहमा महिलाहरुलाई समेट्को लागि राष्ट्, राज्य र सरकार नागरिकहरु प्रति संबेदनशिल भएको देखिदैन र अन्तर्राष्ट्रिय स्तरमा गरिएका सन्धी सम्झौताको अनुमोदन गरिएका छन्ु तर त्यसको व्यवहारी रुपमा प्रभावकारी कार्यान्वयन भएका पाइदैन ।

त्यसैले लैगिकमैत्री कानुनको निर्माण गर्नु, विद्यमान कानुनहरुको प्रभावकारी कार्यन्वयन गर्नु, समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गर्नु,राज्यका निकायमा महिलाको कम्तिमा ३३ प्रतिशत सहभागिता परिणाममा नै शुनिश्चित गर्नु, महिलाको आर्थिक शसक्तिकरण कार्यक्रमको व्यवस्था गर्नुपर्ने, आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरणको प्रवद्र्धन हुने गरी नीति, प्रक्रिया, कार्यविधि र सुधार कार्यक्रम ल्याउनु पर्ने, नेतृत्व विकास, चेतना

परियोजना भित्र संचालन गरेका आयआर्जन गतिविधि अन्तरगत तयार गरिएका उत्पादन सामाग्रीहरुको समेत प्रदर्शनी गरिएको थियो ।



*(जागरण नेपालका प्रकाशनहरुको अवलोकन गर्दै युरोपियन युनियनका प्रतिनिधि)*



*(राष्ट्रिय मानवअधिकार आयोगका प्रवक्ता माननीय मोहना अन्सारी तथा अधिवक्ता सपना मल्ल प्रधान पुस्तक प्रदर्शनीको अवलोकन गर्दै)*

त्यसैगरी सुनसरी जिल्लाका विभिन्न गाविसहरुमा विपन्न वर्गका महिलाहरुको आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको प्रवद्र्धन परियोजना भित्र संचालन गरेका आयआर्जन गतिविधि अन्तरगत तयार गरिएका उत्पादन सामाग्रीहरुको समेत प्रदर्शनी गरिएको थियो ।

अभिवृद्धिका लागि सामाजिक परिचालन, कार्यक्रम संचालन गर्दै महिलाको कार्यबोझ कम गर्न महिला मैत्री प्रविधि विकास तथा प्रयोगको प्रवद्र्धन गर्नु परम्परागत लैङ्गिक भूमिकामा सन्तुलन ल्याउन सधाउ पुग्ने तालिम तथा दक्षता÷क्षमता अभिवृद्धि गरी लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई योजना प्रभावकारी कार्यन्वयनका लागि प्रतिवद्ध रहनु आवश्यक छ जसको पूर्ण व्यवस्था नयाँ संविधानमा गर्नु आवश्यक देखिन्छ ।

विकसित राष्ट्रहरुमा मानवताको लागि महिला सशक्तिकरण व्यवहारमा उतारौ भन्ने अवस्थमा नेपालमा भने लैगिक मैत्री संविधान, महिला हिंसाको निदान भनेर माग गरिरहेको अवस्था छ । विश्व भूमण्डलीकरणमा प्रवेश गरिसकोको अवस्थामा आज पनि हामी महिला अधिकार, महिलाको समान सहभागिता तथा महिला माथि भएका हिंसा(लैङ्गिक हिंसा) का कारण महिलाहरु प्रताडित हुनु परेको छ । बलात्कार, हत्या, हिंसा, बोक्सीको आरोपमा कुटपिट लगायतका हिंसाका घटना भने बढी रहेको अवस्था छ, जसको अन्त्यका लागि र समग्र महिलाको हक अधिकारको सुनिश्चितता, प्रभावकारी कानून कार्यान्वयनको व्यवस्था सहित महिला मैत्री संविधान निर्माण भएको खण्डमा महिला मैत्री संविधान प्रभावकारी हुने प्राय निश्चित छ । त्यसको लागि सम्पूर्ण अधिकारलाई संविधानमै व्यवस्था गरिनु आजको आवश्यकता हो भने हामी सम्पूर्ण महिला अधिकारको स्थापना र रक्षाका लागि कार्यरत अधिकार कर्मीहरुको समेत माग हो ।

## महिलाहरुको वर्तमान अवस्था र चुनौतीहरु

नेपाली महिला आन्दोलनलाई नियाल्दा नेपाली महिलाहरुले विगत ६ दशकदेखि मतदान गर्ने, उम्मेदार हुने, निर्वाचित हुन पाउने अधिकार पाएता पनि राज्यका समग्र क्षेत्रमा महिलाको समान र अर्थपूर्ण सहभागिता अझैपनि सुनिश्चित हुन सकेको छैन । नेपालको संविधान २०७२ लगाएत अन्य विभिन्न कानूनी तथा नीतिगत व्यवस्थाहरु, अन्तर्राष्ट्रिय सन्धिहरुले नेपाली महिलाहरुको अवस्थामा उल्लेखनीय परिवर्तनहरुका पहल गरेतापनि कार्यान्वयन तहमा अझैपनि अनेक चुनौतिहरु रहेका छन् ।

- नयाँ संविधानले महिलाहरुलाई अगाडि बढ्ने प्रसस्त अवसर प्रदान गरेको छ । तर कार्यन्वयन पक्ष निकै चुनौतीपूर्ण छन् । विशेष गरी कार्यान्वयनमा दुई प्रकारका चुनौती रहेका छन् । पहिलो चुनौती हो राजनीतिक दल राज्यका संरचनाहरु पितृसतात्मक हुनु, परिवार र समाजमा पनि पितृसतात्मक चिन्तन र प्रवृत्तिले जरा गाड्नु ।
- दोश्रो, सामन्त तथा पितृसत्तात्मक संस्कार र संस्कृतिका कारण महिलाहरुमा रहेको पछौटेपन, सोच, चिन्तन र



*(मार्च ८ को सन्दर्भमा सुनसरी जिल्लाका ववििया गाविसमा आयोजित छलफल कार्यक्रममा आफ्ना विचार राख्दै कार्यक्रमका सहभागी)*

यसै अवसरमा जागरण नेपालले सुनसरी जिल्लाका परियोजना संचालन भएका गाविसहरुमा गाविस स्तरिय अन्तरक्रिया तथा सचेतनामुलक र्यालीको आयोजना गरिएको छ । सोनापुर, बबिया र सिमरिया गाविसमा संविधानमा महिला अधिकारका सवाल विषयमा छलफल कार्यक्रम सम्पन्न भयो ।



*(१०६ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित कार्यक्रममा सम्मान ग्रहण गर्दै स्थानीय स्वयं सेवी महिलाहरु)*

त्यसैगरी सिंगिया गाविसमा ज्येष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रमको आयोजना गरियो । जसमा २ जना स्थानीय

प्रवृत्ति, महिलाहरुको उन्नती प्रगतिका बाधकको रुपमा रहेका छन् । जसले गर्दा महिलाहरु आर्थिक, राजनीतिक र सामाजिक रुपमा सबल छैनन् यस्तो स्थितिको समाधान गर्नु महत्वपूर्ण चुनौतीको रुपमा रहेको छ ।

- संविधानमै व्यवस्था भएका र विभिन्न महिला अधिकार सम्वन्धि बन्ने नीति नीयमहरुको कार्यान्वयनमा प्रमुख चुनौती रहेको छ । विशेषगरी राज्यका हरेक निकायमा महिलाको समान सहभागिताको अधिकार, महिलाको सम्पत्तिमा समान अधिकार, महिलामाथि हुने हिंसा र प्रजनन् स्वास्थ्यसम्बन्धी अधिकार, राज्यका हरेका निकायमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको व्यवस्था आदि । त्यसैगरी
- विभेदपूर्ण कानूनहरुको परिमार्जन
- विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरुमा अनुमोदन गरेर प्रतिबद्धता जनाए पनि त्यसको कार्यान्वयनमा कम प्राथमिकता
- नीति तथा कार्यक्रम भए पनि उद्देश्य पूरा गर्नका लागि बाधा अवरोधहरु आउनु
- महिला माथि विभेदपूर्ण प्रावधान रहिरहेका कारणले नेपाली महिलाहरुको हक अधिकारको विषय उपेक्षित हुने त्रास यथावत् छ । यी महत्वपूर्ण चुनौतीहरु रहेका छन् ।

राज्यका हरेक निकायमा महिलाको समान सहभागिताको अधिकार, महिलाको सम्पत्तिमा समान अधिकार, महिलामाथि हुने हिंसा र प्रजनन् स्वास्थ्यसम्बन्धी अधिकार लगायतका विषयमा समान सहभागिता सुनिश्चितता आजको आवश्यकता हो । अझैपनि कतिपय विषयहरुमा महिला माथि विभेदपूर्ण प्रावधान रहिरहेका कारणले नेपाली महिलाहरुको हक अधिकारको विषय उपेक्षित हुने त्रास यथावत् छ भने लैङ्गिक मैत्री कानुनहरु बन्नेमा पनि विश्वस्त हुन सक्ने अवस्था आएको छैन ।

## निष्कर्ष

विश्वमा महिला अधिकारको लडाईले लामो समय व्यतित गर्नु परे पनि नेपाल जस्ता मुलुकहरुमा ती अधिकार प्राप्तिमा भने त्यति लामो सघर्ष गर्नु परेन । खासगरी २०४६ मा भएको जनआन्दोलन मार्फत बहुदलीय व्यवस्थाको पुनसर्ुथापना पश्चात नै महिला अधिकारका चर्चाले व्यापकता पायो र नेपालले अन्तर्राष्ट्रिय दस्तावेजहरुमा प्रतिवद्धता जनाउन थाल्यो । सोही अनुसार राष्ट्रिय कानुनहरु पनि निर्माण हुन थाले । यसरी बनेका कानुनको कार्यान्वयन पक्ष अति फितलो रह्यो जसका कारणले महिलाअधिकार प्राप्तिका लडाईहरु सशक्त बन्दै गए । सशस्त्र विद्रोहका विभिन्न कारणहरु मध्ये महिला

स्वयंसेवी महिला गौरीदेवी राजबंशी र पूर्वाञ्चल अनाथ आश्रमका संचालन सिता पोखरेललाई सम्मान गरियो ।

## नेपालको संविधान २०७२ र महिलाका सवाल विषयमा छलफल सम्पन्न

मार्च ८ को सन्दर्भ पारेर सुनसरी जिल्लाको सोनापुर, सिंगिया, बविया, गाविसहरुमा छुट्टाछुट्टै कार्यक्रमको आयोजना गरी नेपालको संविधान २०७२ र महिलाका सवाल विषयमा एक दिवसीय छलफल कार्यक्रम सम्पन्न भयो । डेन चर्च एड्को आर्थिक सहयोग र जागरण नेपालको आयोजनामा संचालित "महिलाहरुको समावेशी सहभागिताका लागि क्षमाता विकास कार्यक्रम" अन्तर्गत संचालित उक्त कार्यक्रमको उद्देश्य भर्खरै जारी भएको नेपालको संविधान २०७२ मा महिलाका सवालमा भएका मुख्य मुख्य कानुनी व्यवस्थाहरुका सम्वन्धमा स्थानीय महिलाहरुलाई जानकारी दिने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको थियो । सो अवसरमा अधिवक्त जगत थापाले प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा स्थानीय स्तरका सरोकारवालाहरु, महिला, सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरु, नेपाल सरकारका स्थानीय तथा गाविस स्तरका प्रतिनिधिहरु, गाविस सचिव, हेल्थपोष्ट इन्चार्ज महिला समूहहरु तथा निति वकालत जिल्ला संजालका अध्यक्षको सहभागीता रहेको थियो ।



*(छलफल कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै अधिवक्ता जगत थापा, सुनसरी)*

कार्यपत्र प्रस्तुत गर्दै अधिवक्ता थापाले महिलाका सम्वन्धमा भएका व्यवस्थाहरुका बारेमा विस्तृत जानकार गराउनु भएको थियो । साथै उहाँले विभिन्न विषयका नयाँ बन्ने

अधिकारको प्राप्ति एक प्रमुख कारण थियो । हतियार उठाएर नै महिलाहरुले अधिकार प्राप्तिका लागि लडे । दलहरु बीच बढ्दै गएको द्वन्द्वको फाइदा उठाउदै वि.सं. २०५८ यात आएर तत्कालीन अवस्थामा प्रत्यक्ष शासन गर्ने नाममा राजतन्त्र हावी हुन थाल्यो जसले पनि महिला अधिकार प्राप्तिमा वाधा उत्पन्न गर्‍यो । परिणाम स्वरुप राजनीतिक दलहरुले संचालन गरेको ६२/६३ को जनआन्दालेनमा व्यापक सहभागी मात्र भएनन्, कतिपय जुलुश, धर्ना तथा प्रर्दशनहरुमा महिलाहरुले नेतृत्वकारी भूमिका निर्वाह गरे । यसरी ६२/६३ को जनआन्दोलन मार्फत प्राप्त समावेशी लोकतन्त्रको कार्यान्वयन तथा यसको संस्थागत विकासका क्रममा रहेको छ । हालैमात्र नेपालको नयाँ संविधान २०७२ जारी भएको छ । त्यसको कार्यान्वयन पक्ष हेर्न बाँकी नै छ । समावेशीताको सिद्धान्तलाई हामीले व्यवहारमा उतार्ने प्रयास गरिरहेको भए पनि कतिपय पुरुषवादी चिन्तनकै हावीका कारण महिला आन्दोलन पुन सिथिल हुने हो कि भन्ने चिन्ता उत्तिकै रहेका छन् । अहिलेको आन्दोलन महिलाले आफ्नो हक अधिकारका लागि प्राप्त गरेका अधिकारहरुलाई कानूनहरु मर्फत सुनिश्चित गर्नु लिपीवद्ध गर्नु नै हो । तर त्यही लिपीवद्ध गर्ने क्रममा विभिन्न चुनौतीहरु कायम नै छन् । अहिलेको आन्दोलन महिलाको पुरुषसरह पहिचानकै सवालसंग जोडिएको छ । नागरिकताको सवालमा आमा वा बाबुको नामाबाट छोराछोरीले विना रोकटोक पाउनु पर्ने, लगाउत विविध विषयमा महिला र पुरुष बीचमा रहेको असमातालाई समानतामा परिणत गर्नु आजको आवश्यकता हो । यी चुनौतीहरुलाई सामना गर्न महिलाआन्दोलन थप सशक्त र एकजुट हुन जरुरी भएको छ । जसकालागि गैर सरकारी संस्थाहरुको थप दवाव र र समन्वयको आवश्यकता छ ।

**थप जानकारीका लागि**
**www.jagarannepal.org**
**मा अवलोकन गरी सल्लाह सुझावका लागि**
**info@jagarannepal.org**
**मा सम्पर्क गर्नुहोला**

कानूनहरुका बारेमा समेत जानकारी गराउनु भएको थियो । सहभागीहरुले महिलाका मुद्धाहरुलाई संबोधन गरेर कानुनहरुको निर्माण गर्नुपर्ने र त्यसका लागि स्थानीय स्तरदेखिका महिला समूहहरुले आवाज उठाउनु पर्ने विचार राख्नु भएको थियो ।

## जिल्ला स्तरिय परियोजना परिचयात्मक कार्यक्रम

जागरण नेपालले गभर्नेन्स फेसिलिटिको सहयोगमा संचालित स्थानीय सुशासनमा महिला सहभागिता सवलिकरण परियोजनाको जिल्ला स्तरिय परिचयात्मक कार्यक्रम परियोजना संचालन गरेका छ जिल्ला (ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, मोरङ्ग र काभ्रे ) मा सम्पन्न भएको छ । परियोजनाको मुख्य उद्देश्य सिमान्तिकृत समुदायका महिलाहरुको स्थानीय सुशासन, निर्णायक तह, निर्वाचन र राजनीतिक दलहरुमा अर्थपूर्ण सहभागितामा अभिवृद्धि गर्नु रहेको छ ।



*(परियोजना वारेमा जानकारी गराउदै जिल्ला परियोजना संयोजक, इलाम)*

तीन वर्ष सम्म संचालन हुने उक्त परियोजना ६ जिल्लाका जिल्ला साझेदार संस्थाहरुको सहकार्यमा संचालन भइरहेको छ । परियोजनाको जिल्ला स्तरीय परिचयात्मक कार्यक्रम फेब्रुअरी महिनामा सम्पन्न भएका थिए । कार्यक्रममा जिल्ला स्तरका प्रमुख सरोकारवालाहरु जस्तैः स्थानीय विकास अधिकारी प्रमुख जिल्ला अधिकारी जिल्ला शिक्षा कार्यालयका प्रमुख, जिल्ला स्वास्थ्य अधिकारी, जिल्ला कृषि विकास अधिकारी, जिल्ला स्तरका राजनीतिक दलका प्रमुख नेताहरु नागरिक समाजका प्रतिनिधिहरु सहित अन्य सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । परियोजना परिचयात्मक कार्यक्रमको मुख्य उद्देश्य सरोकारवालाहरुलाई

परियोजनाको बारेमा जानकारी दिनु र परियोजना अवधिभर उनीहरुको सहयोग र सहकार्यको अपेक्षा गर्नु समेत रहेको थियो ।


## सम्पादक मण्डल

सल्लाहकारः शर्मिला कार्की
संयोजनः मीना विष्ट
संपादनः दिपक बस्याल
लेखनः अहिल्या अधिकारी
डिजाइनः राजिब श्रेष्ठ



## जागरण नेपाल

फोन : ०१-४२१९४३९,
फ्याक्स : ०१-४२४७२९७
पो.व.नं : १९४८७
सिद्धार्थ मार्ग, अनामनगर
ईमेल : info@jagarannepal.org
वेवसाइट : www.jagarannepal.org